विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/०६/१२ मा बसेको बैठकको एजेन्डा र निर्णयहरू:-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा। | गत नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयन सम्बन्धमा छलफल तथा समीक्षा गरियो। |
| २ | प्रदेश मन्त्री क्वाटर निर्माणको लागि जग्गा व्यवस्थापन सम्बन्धमा। | बृहत् विराट क्षेत्रभित्र प्रदेशको कार्यपालिका र व्यवस्थापिका, प्रदेश प्रमुखको कार्यालय तथा निवास, सभामुख तथा उपसभामुखको निवास, मन्त्री निवास लगायतका संरचनाहरू एकीकृत रुपमा निर्माण गर्नका लागि निःशुल्क जग्गा उपलब्ध गराउने सम्बन्धी प्रदेश नं.१ सरकारबाट सार्वजनिक सूचना प्रकाशित भएकोले सोका लागि विराटनगर महानगरपालिकाको स्वामित्वमा रहेको डङ्ग्राहा स्थित जग्गामध्येबाट ५-०-० (बिघा) जग्गा उपलब्ध गराउनेगरी प्रदेश नं.१ सरकारलाई प्रस्ताव गर्ने निर्णय गरियो। |
| ३ | कर्मचारी व्यवस्थापन सम्बन्धी सर्वोच्च अदालतको परमादेश कार्यान्वयन सम्बन्धमा। | स्थानीय निकायमा २०६४ साल असोज मसान्तसम्म नियुक्त भई अविच्छिन्न रुपमा कार्यरत कर्मचारीहरूलाई व्यवस्थापन गर्न, निजामती कर्मचारी सरह स्थानीय निकायमा कार्यरत स्थायी कर्मचारीहरूको अस्थायी सेवा अवधि बढुवा प्रयोजनका लागि गणना गर्ने लगायतका विषयलाई सम्बोधन गर्नेगरी नेपाल सरकारबाट स्थानीय स्वायत्त शासन नियमावली, २०५६ संशोधन (पाँचौं, २०६९) भएकोमा सोको विरुद्धमा सम्मानित सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भई सो रिटको सम्बन्धमा मिति २०७४/०९/२१ मा सर्वोच्च अदालत, संवैधानिक इजलासले रिट निवेदन खारेज हुने परमादेश जारी गरेको हुँदा उक्त संशोधित नियमावली बमोजिम विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा स्वीकृत दरबन्दीमा अस्थायी तथा करारमा कार्यरत कर्मचारीहरूको स्थायी पदपूर्तिको प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। र उक्त कार्यको लागि स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१५ मा भएको व्यवस्था बमोजिम आगामी नगर सभाबाट अनुमोदन हुनेगरी पदपूर्ति समितिको अध्यक्षमा श्री दिलिप कुमार चापागाईंलाई मनोनित गर्ने निर्णय गरियो। |
| ४ | उपभोक्ता समितिमार्फत आयोजना सञ्चालनको समयसीमा सम्बन्धमा। | आ.ब.२०७९/०८० को स्वीकृत नीति, कार्यक्रम तथा बजेट अनुरुप उपभोक्ता समितिमार्फत योजना सञ्चालनका लागि सम्पूर्ण वडास्तरीय योजनाहरूको २०७९ पुस १५ गतेसम्ममा सम्झौता गरिसक्ने निर्णय गरियो। |
| ५ | सामी परियोजना अन्तर्गतका कर्मचारीहरूको तलब, भत्ता सम्बन्धमा। | सुरक्षित आप्रवासन (SaMi) परियोजनाको अवधिसँगै २०७९ असार मसान्तमा सेवा प्रदायक संस्थासँगको सम्झौता अवधि समेत समाप्त भएकोमा मिति २०७९/०४/०१ को नगर कार्यपालिका बैठकबाट जिल्ला प्रशासन कार्यालय, मोरङ परिसरमा रहेको आप्रवासी स्रोत केन्द्र साविकको सेवा प्रदायक संस्था सगरमाथा सामुदायिक विकास केन्द्र मार्फत सञ्चालन गर्ने निर्णय भएकोले उक्त स्रोत केन्द्रमा कार्यरत दुई जना कर्मचारीहरूलाई साविक बमोजिमको स्केलमा नयाँ सेवा प्रदायक संस्थाको व्यवस्था नहुन्जेलसम्म तलब-भत्ता उपलब्ध गराउने निर्णय गरियो। |

| | | |
|---|---|---|
| ६ | बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारीको पारिश्रमिक सम्बन्धमा। | विगत लामो समयदेखि महानगरपालिकाभित्र विद्यालय/समुदायमा सन्चालित बाल विकास केन्द्रका सहजकर्ता, स्रोत शिक्षक एवम् सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारीहरूका लागि नेपाल सरकारबाट प्राप्त हुने पारिश्रमिक ज्यादै न्यून र अव्यवहारिक भएको तथा समयसापेक्ष समेत नभएको हुँदा २०७९ माघदेखि लागू हुनेगरी निजहरूलाई महानगरपालिकाको आन्तरिक स्रोतबाट उपलब्ध गराइदै आएको थप पारिश्रमिकमा मासिक रु.२,०००।– थप गरी उपलब्ध गराउने निर्णय गरियो। |
| ७ | विविध।<br><br>प्रतिलिपि<br>विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ प्रदेश नं. १, नेपाल | (क) विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृतको रुपमा हालै सरुवा भई आउनुभएका श्री विष्णु प्रसाद कोइरालालाई स्वागत गरियो।<br><br>(ख) बडा दशैं, तिहार तथा छठ पर्व २०७९ एवं नेपाल सम्वत् ११४३ को उपलक्ष्यमा शुभकामना आदान-प्रदान गरियो। सो चाडपर्वहरूको पावन अवसरमा सम्पूर्ण नगरवासीहरूमा सुस्वास्थ्य, सुख, शान्ति तथा समृद्धिको शुभकामना प्रदान गर्ने निर्णय गरियो।<br><br>(ग) महानगरपालिकाका पदाधिकारीहरूलाई उपलब्ध गराइएको चाडपर्व खर्च रु.१५,०००।० (पन्ध्र हजार) लाई अनुमोदन गरियो।<br><br>(घ) वडा नं. १५ स्थित बैंक रोडको तत्काल मर्मत गर्नुपर्ने अवस्था रहेकोले आ.व.२०७९/०८० को स्वीकृत नीति, कार्यक्रम तथा बजेटको मर्मत सम्भार शीर्षक (पाना नं.८१, सि.नं.३२३) बाट खर्च गर्नेगरी उक्त रोडको मर्मत कार्य गर्ने/गराउने निर्णय गरियो।<br><br>(ङ) ICP अगाडि वडा नं.१४/१८ सिमाना सडक एवम् वडा नं. १८ विष्णु टोलमा समेत आवतजावतका लागि कलभर्टको आवश्यकता रहेकोले सो स्थानहरूमा कलभर्ट निर्माण गर्न आगामी नगर सभाबाट अनुमोदन हुनेगरी ICP अगाडि वडा नं.१४/१८ सिमाना सडकको कलभर्टका लागि रु.५४,४९,४६२।८५ र वडा नं.१८ विष्णु टोलको कलभर्टका लागि रु.५६,३०,२२७।७७ लागत अनुमान बोजिमको बजेट व्यवस्था गर्ने निर्णय गरियो।<br><br>(च) विराटनगर महानगरपालिका, ४ नं. वडा कार्यालयको प्रशासनिक भवन निर्माणको प्रक्रिया अघि बढाउने निर्णय गरियो। |
| ८ | बाँकि एजेन्डाहरूको सम्बन्धमा। | यस बैठकमा छलफल एवम् निर्णय हुन नसकेका बाँकि एजेन्डाहरू उपर आगामी बैठकमा छलफल गरी निर्णय गर्ने निर्णय गरियो। |